# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं.
प्रमुख प्रशासकीय अधिकृत०९१-५६०११८
प्रशासन शाखा, ०९१५६०८१६

पत्र संख्या २०७८/०७९
चलानी नं. २६५० मिति:२०७८/१२/०९

## सूचना। सूचना॥ सूचना॥।

राष्ट्रिय भुमि आयोगबाट मिति २०७८/११/२६ गते प्रकाशित ३५ दिने सूचना तथा आयोगको प.सं. ०७८/७९, च.नं. ३९०, मिति २०७८/११/२७ गतेको पत्र बमोजिम यस टीकापुर नगरपालिका क्षेत्र भित्र बसोवास तथा जग्गा आवाद कमोत गरी रहनु भएका भूमिहिन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि यस भन्दा अघि लिएको तथ्याङ्क संकलनमा अनुसुची फारम भर्न छुटेकाहरुको हकमा यहि मिति २०७८/१२/३० गते भित्र आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी आवश्यक कागजातहरु सहित आयोगले तोकिए बमोजिमको अनुसूची फाराम भर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

समयमै अनुसुची फारम नभर्ने, माग गरिएका कागजात र विवरण उपलब्ध नगराएको कारण नियमानुसार जग्गा प्राप्त नभएमा त्यसको जिम्मेवार सम्वन्धित व्यक्ति हुने साथै भुठा विवरण तथा दोहोरो अनुसुची फारम भरेमा नियमानुसार कारवाही हुने व्यवस्था भएको व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

### निवेदन दिनका लागि आवश्यक कागजातहरु

| भूमिहिन दलित/भूमिहिन सुकुम्वासीहरुको हकमा | अव्यवस्थित बसोबासीहरुको हकमा |
|---|---|
| १. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य)।<br>२. परिवारमुली र परिवारमुली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति।<br>३. नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, भुठा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छु भनी गरेको स्वयं घोषणा।<br>४. आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वयं घोषणा।<br>५. सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा।<br>६. जग्गा धनी पुर्जा भएको तर नदी कटान, पहिरो, डुबान वा अन्य प्राकृतिक विपद्का कारणले् आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र।<br>७. वडा समितिको बैठकबाट निज भूमिहिन दलित, भूमिहिन सुकुम्वासी हो भनी गरेको निर्णय।<br>८. उपभोगको प्रमाण सम्वन्धि अन्य कागजात भए सोको प्रमाणित प्रतिलिपी। | १. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य)।<br>२. परिवारमुली र परिवारमुली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति।<br>३. उपभोगको प्रमाण सम्वन्धि कागजातको प्रतिलिपी। जस्तै घरसार कागजको प्रतिलिपी, बसाईसराईको प्रतिलिपी, मतदाता परिचयपत्र, विद्युत पानीको महसुल बुझाएको प्रमाण, स्थानीय तहले दिएको सिफारिस, घर नक्सा पासको प्रतिलिपी, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण आदि (उपलब्ध भए सम्म)।<br>४. आफु र परिवारका सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपी र सम्वन्धित स्थानीय तहले सम्पत्ती कर प्रयोजनका लागि निर्धारण गरेको मुल्याइन सम्वन्धि स्थानीय तहको रसिद वा पत्र।<br>५. भुमि सम्वन्धि ऐन २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अधिबाट निज बसोबास गरी आएको जग्गा आवाद कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस।<br>६. अव्यवस्थित बसोबासी आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ ग. बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्य सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा<br>७. वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय र सिफारिस।<br>८. उपभोगको प्रमाण सम्वन्धि अन्य कागजात भए सोको प्रमाणित प्रतिलिपी। |

.....................
प्रशासकीय अधिकृत
प्रशासकिय अधिकृत